"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

SAHAKARITA

द्वैमासिक

वर्ष ८ अंक १९, चैत्र-बैशाख, २०७७ www.ncbl.coop March 14 - May 13

### "वित्तीय सहकारीको स्थायित्व तथा दिगो सञ्चालनका लागि"

## सहकारी बैंक र नेफस्कूनबीच सहकार्य



काठमाडौं । राष्ट्रिय सहकारी बैंक लिमिटेड र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघबीच सहकार्य गर्ने सहमति भएको छ ।

वैशाख १७ गते बानेश्वर, काठमाडौंमा राष्ट्रिय सहकारी बैंक लिमिटेड र नेपाल बचत तथा ऋण सहकारी संघ (नेफ्स्कून) का प्रतिनिधिसहितको बैठक बसी उक्त सहमतिपत्रमा सहकारी बैंकका अध्यक्ष के.वी. उप्रेती र नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले हस्ताक्षर गर्नुभएको थियो । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस COVID-19 को कारण नेपालका सहकारीमा तत्काल पर्ने वित्तीय संकट र त्यसलाई समयमै संबोधन गरी सहकारी क्षेत्रमा वित्तीय व्यवस्थापन गर्न सहकार्य भएको हो । बाँकि पेज ९ मा...




### कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोषमा

## सहकारी बैंकका तर्फबाट ११ लाख ११ हजार सहयोग

ललितपुर । कोरोना भाइरस संक्रमण नियन्त्रणका लागि नेपाल सरकारले घोषणा गरेको कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोषमा राष्ट्रिय सहकारी बैंक लिमिटेडले चैत १० गते ११ लाख ११ हजार १ सय ११ रुपैयाँ सहयोग गरेको छ ।

बैंकका सञ्चालक तथा लेखा समितिको बैठक भत्ता, कर्मचारीको एक दिन बराबरको तलब सहित समावेश गरी सरकारले सञ्चालन गरेको कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोषमा उक्त रकम सहयोग गरिएको बैंकले जनाएको छ । कोरोना नियन्त्रणका लागि आवश्यक सुरक्षा सामग्री, पिपिई, स्वास्थ्य उपकरण, नमुना परीक्षण किट र क्वारेन्टाइन लगायत अत्यावश्क सामग्री र स्वास्थ्य व्यवस्थापनका लागि सहयोग गर्न बैंकले देशभरका सहकारी संघ/संस्थालाई समेत अपिल गरेको छ ।
बाँकी पेज ५ मा...

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**

के.बी. उप्रेती

लक्ष्मी प्रसाद उप्रेती

बद्री कुमार गुरागाई

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**

माधवलाल देवकोटा

**सदस्यहरु**

राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**

नविन कुमार कार्की

**प्रधान सम्पादक**

राम बहादुर जि.सी.

**सहयोगी**

बिबेक खड्का

**ठेगाना**

राष्ट्रिय सहकारी बैंक लिमिटेड
कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर
फोन नं : ०१-५१८०१८२
फ्याक्स: +९७७-०१-५५५५६८७
E-mail: publication@ncbl.coop
ncbl@ncbl.coop
Website: www.ncbl.coop




## सम्पादकीय

### विषम परिस्थितिको सामूहिक सामना गरौं ।

कोभिड- १९ (कोरोना भाइरस) को विश्वव्यापी महामारीबाट नेपाल पनि अछुतो रहेन । यस्तो संक्रामक रोगको फैलावटका कारण सबैखाले उद्योग, कलकारखाना, शिक्षा एवं रोजगारीका क्षेत्र प्रभावित भएको छ। विशेषत: ०७६ चैत ११ देखि जारी भएको लकडाउनपछि ८५ दिनसम्म लगातार सबै क्षेत्र एवं गतिविधि बन्दप्राय: स्थितिमा रहन पुग्यो। र, यसको सबभन्दा ठूलो मार देशको आर्थिक, सामाजिक गतिविधिमा परेको छ । यसमध्ये मुलुकको तीन खम्बे अर्थनीतिमध्येको एक अंगका रुपमा रहेको सहकारी क्षेत्र अझ चुनौतिपूर्ण रुपमा प्रभावित भएको छ। कोभिड-१९ को संक्रमण सर्वत्र फैलिएयता उत्पन्न भएको परिस्थितिको मारमा परेर विशेषत: सहकारी क्षेत्रमा वित्तीय व्यवस्थापन, अर्थात् वित्तीय परिचालनको समस्या देखिनेतर्फ बढी गम्भीर हुनुपर्ने बेला भएको छ । सहकारी संस्थाहरुमा लगानीयोग्य रकम (तरलता) अभावको समस्या समेत आउनसक्ने खतरा बढेको छ। एशियाली विकास बैंकले कोभिड- १९ को प्रभाव ६ महिनाभन्दा बढी समय रहेमा नेपालको कूल गार्हस्थ्य उत्पादनमा ० दशमलव १३ प्रतिशतले नकारात्मक असर पार्ने अनुमान गरेको छ। यो महामारी कहिलेसम्म रहन्छ र यसको प्रतिरोधका लागि विभिन्न देशले कस्ता उपायहरु अवलम्बन गर्छन्, त्यस्मा नै अर्थतन्त्रमा पर्ने प्रभाव निर्भर हुन्छ। ४ महिना बित्दासमेत कोरोनाको उद्‌गमस्थल मानिने चीनमा यसको संक्रमण शत्प्रतिशत खतरामुक्त हुन सकेको छैन । नेपालमा लकडाउनले गर्दा बजार सहज ढंगले सञ्चालन हुन सकेको छैन। यसले गर्दा विभिन्न सहकारी संस्थाहरुले विविध क्षेत्रमा प्रवाह गरेका लगानीहरु उच्च जोखिममा छन्। जनजीवनको ठूलो हिस्सा सहकारी गतिवविधले ओगटेको नेपालजस्तो मुलुकमा यो क्षेत्रको व्यवस्थापनमा केही चुनौतिहरु थपिएका छन् । सहकारीका कारण आधारभूत वर्गका जनतामा सहज आर्थिक गतिविधि पुगेको छ । उक्त वर्गका जनता उत्पादनमूलक कार्यमा उत्साहपूर्वक सहभागी भएका छन् । तसर्थ, यस्तो संकटपूर्ण घडीमा सहकारीमार्फत प्रवाहित लगानीको सुरक्षा प्रमुख चासोको विषय बनेको छ । मानिसहरुको आवातजावातमा नियन्त्रण गरिँदा अर्थतन्त्रका सबै क्षेत्रहरु प्रभावित छन् । वेरोजगारी बढेको छ । विशेषत: दैनिक ज्यालादारी मजदुरीमा निर्भर समुदाय बढी प्रभावित भएका छ । तसर्थ, यस्तो विषम परिस्थितिबाट समग्र सहकारी क्षेत्रको संरक्षण, उत्थान, विकास र सम्वंर्धन गर्दै सिङ्गो मुलुकको आर्थिक रुपान्तरणका लागि सम्पूर्ण सहकारी अभियान, नेतृत्वकर्ता, विभिन्न विषयगत सङ्घ/संस्था लगायत राज्य नै एकजुट भएर लाग्नुपर्ने समय आएको छ ।

# तनाव व्यवस्थापन र सहकारी सञ्चालन सम्बन्धी भर्चुअल छलफल

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा Zoom Cloud Meetings Apps मार्फत कोरानाको सन्त्रास: तनाव व्यवस्थापन र सहकारी सञ्चालन सम्बन्धी भर्चुअल छलफल कार्यक्रम सम्पन्न भएको छ ।

१४ वैशाखमा भएको भर्चुअल छलफल कार्यक्रमलाई मनोविश्लेषक बासु आचार्य छलफल कार्यक्रमको वक्ता रहनुभएको थियो भने कार्यक्रमलाई बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले सहजीकरण गर्नुभएको थियो । २ घण्टासम्म चलेको उक्त भर्चुअल छलफल तथा फेसबुक लाइभमा देशभर तथा देश बाहिरबाट गरी दश हजारभन्दा बढी सहकारीकर्मीले सहभागिता जनाएका थिए ।

कार्यक्रममा बैंकका अध्यक्ष सहित सञ्चालक समिति र लेखा समितिका पदाधिकारी बैंक उच्च व्यवस्थापनका कर्मचारी समेतको सहभागिता थियो । कार्यक्रममा सहभागीहरूले कोरोना सन्त्रास र बन्दाबन्दीमा आउने मानसिक समस्या तथा सहकारी संघ/संस्था सञ्चालन सम्बन्धमा देखिने मनोत्राससम्बन्धी विविध विषयमा जिज्ञासा राखेका थिए भने कार्यक्रमका वक्ता बासु आचार्यले त्यस सम्बन्धमा स्पष्ट पार्नुभएको थियो ।

कोरोना सन्त्रास र बन्दाबन्दी (Lock Down) को कारणले सहकारी क्षेत्रका गतिविधिमा प्रतिकूल असर परेको यस विषमपरिस्थितिमा सहकारीकर्मीलाई परेको तनावको सहज व्यवस्थापनका लागि कार्यक्रम आयोजना भएको बैंकका सञ्चालक तथा बैंकको शिक्षा तथा तालिम उप-समितिका संयोजक सरिता भट्टराईले जानकारी दिँदै कोरोना सन्त्रास र बन्दाबन्दीको कारण भविष्यमा समेत सहकारीमा आवश्यक तालिम तथा शिक्षासँग सम्बन्धित विषयमा यसैगरी भर्चुअल कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो ।

# राष्ट्रिय सहकारी बैंक प्रदेश १ अन्तर्गतका शाखा कार्यालयको विपन्न वर्गलाई सहयोग

झापा । झापा चारपाने स्थित सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले सञ्चालन गरेको (कोभिड १९) कोरोना भाइरस महामारीका कारण समस्यामा परेका विपन्न परिवारलाई सहयोग गर्ने उद्देश्यले राष्ट्रिय सहकारी बैंक लिमिटेड प्रदेश १ अन्तर्गतका शाखा प्रमुख तथा कर्मचारीद्वारा "एकका लागि एक" अभियान अन्तर्गत सहयोग आर्थिक गरिएको छ ।

प्रदेश १ अन्तर्गतका शाखा कार्यालयहरू पाँचथर, इलाम, बिर्तामोड, दमक, उर्लाबारी, इटहरी, धरान, धनकुटा र विराटनगर शाखाका शाखा प्रमुख र कर्मचारीसहित बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाईंबाट संकलित जम्मा ६१ हजार रुपैयाँ सहयोग प्रदान गरिएको हो । उक्त नगद सहयोग रकम जेठ २ गते सहारा नेपाल सहकारीका एरिया म्यानेजरद्वय ओम शाह र यादव बस्नेतलाई राष्ट्रिय सहकारी बैंक प्रदेश १ कार्यालयका शाखा प्रबन्धक प्रभु पोखरेलले हस्तान्तरण गर्नुभएको थियो । देश लकडाउनमा भएको बेला दैनिक ज्यालादारी र मजदूर वर्गका लागि गुजारा चलाउन समस्या भइरहेको अवस्थामा सहारा नेपालको "एकका लागि एक" कार्यक्रमले सो वर्गलाई सहयोग पुग्ने भन्दै यस्तो अवस्थामा सबैले एकअर्कालाई सहयोग गर्नुपर्ने दायित्व सम्झेर सहयोग गरिएको शाखा प्रबन्धक पोखरेलले बताउनुभएको थियो । सहारा नेपालले उक्त सहयोग रकम दैनिक ज्यालादारी गर्ने विपन्न परिवारका बिहान-बेलुका छाक टार्न समस्या परेका परिवारलाई खाद्यान्न सहयोग गर्ने बताइएको छ । स्मरण रहोस्, यसअगाडि समेत बैंकले कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण केन्द्रीय कोषमा बैंकका सञ्चालक तथा लेखा समितिको बैंक भत्ता, कर्मचारीहरूको एक दिन बराबरको तलब-भत्तासहित समावेश गरी जम्मा ११ लाख ११ हजार १ सय ११ रुपैयाँ सहयोग गरिसकेको थियो ।

# विपद्मा चालिनुपर्ने कदम



रेखा पौडेल
कर्मचारी
राष्ट्रिय सहकारी बैंक लिमिटेड

*" बजेट सरकारको वित्तीय व्यवस्थापन र आर्थिक क्रियाकलाप चलायमान गर्ने महत्वपूर्ण औजार हो "*

कोरोना महामारीले विश्वव्यापी रूपमा बन्दाबन्दी र आपत्कालीन स्वास्थ्य स्थिति सिर्जना गरेको छ। विश्वका अधिकांश देशले स्वास्थ्य, वित्तीय र वस्तुको मूल्यमा गिरावटजस्ता विभिन्न संकट सामना गरिरहेका छन् । बन्दाबन्दीबाट गुज्रिसकेपछिको आर्थिक परिदृश्य कस्तो हुन्छ भन्ने अनिश्चित छ।

अन्य मुलुकमा जस्तै हाम्रो देशमा पनि कृषिक्षेत्रको उत्पादन, वितरण र यसको बजारीकरणसम्म अर्थात् सम्पूर्ण आपूर्ति शृंखलामा कोरोनाको असर देखिएको छ। निर्माणाधीन परियोजनाको समयावधि लम्बिने र लागतमा वृद्धि हुनेछ । विप्रेषण आप्रवाह घटेको छ। नेपाल भ्रमण वर्ष २०२० स्थगन गरिएसँगै यसको असर पर्यटन क्षेत्रमा पर्दै छ। बैंक तथा वित्तीय संस्थाको किस्ता र ब्याज समयमा नउठ्ने र ब्याजमा छुट दिनुपर्ने कारण नाफामा गिरावट आउनेछ। अल्पकालमा उत्पादनलाई अधिकस्तरमा वृद्धि गर्न सकिँदैन भने उत्पादनको साधनमा अधिकतम प्रयोगमा समस्या आउन सक्छ। त्यसले मागमा दबाब भई मूल्यस्तर निरन्तर वृद्धि हुन्छ। समग्रमा मुद्रास्फीति उच्च बिन्दुमा रहन सक्छ। व्यापार, पर्यटन, निर्माण, यातायात बैंकिङ, आन्तरिक तथा वैदेशिक रोजगार लगायत प्रायः सबै क्षेत्रका गतिविधि अछुतो छैनन्। यी समस्या आर्थिक गतिविधिसँग सम्बन्धित भए पनि यसको समाधान राजनीतिक रूपमा खोज्ने गरिन्छ। महामारीबाट कसले कति क्षति व्यहोर्नु परेको छ, वास्तविक मर्कामा परेको वर्ग कुन हो, त्यस क्षतिको परिपूरण कसरी हुन सक्छ भन्नेजस्ता वस्तुनिष्ठ उपायको खोजी गरिनुपर्छ।

बजेट सरकारको वित्तीय व्यवस्थापन र आर्थिक क्रियाकलाप चलायमान गर्ने महत्वपूर्ण औजार हो। यसपटक एक वर्षका लागि तयार गरिएको बजेट आठ महिनामै बिथोलिएको छ। कोरोना संक्रमण हुनुअघि अनुमान गरिए अनुरूप राजस्व संकलन र खर्च नहुने भनी बजेट हेरफेर गरिएको छ। हाम्रो बजेटको चरित्र हेर्दा ठूलो हिस्सा (करिब ९० प्रतिशत) करको हुन्छ भने राज्यले प्रदान गर्ने सेवाबाट असुल गर्ने शुल्कले राजस्वमा १० प्रतिशत मात्र योगदान गर्छ। कर राजस्वमध्ये अप्रत्यक्ष करको हिस्सा ७० प्रतिशतभन्दा बढी हुने गरेको छ। सम्पत्ति र आय जस्ता प्रत्यक्ष करको हिस्सा ३० प्रतिशत छ। सरकारले खर्च गर्ने ठूलो रकम सर्वसाधारणबाट उठाइएको कर हो। त्यसैले राज्यकोषमा जसको बढी योगदान छ, उही बढी प्रतिफलको हकदार हुनुपर्छ। विशेषतः महामारी जस्तो विपद्को बेला सरकारको भूमिका बढ्नुपर्छ। हाल देशको कुल गार्हस्थ उत्पादनमध्ये ५२ प्रतिशत सेवा क्षेत्र र २७ प्रतिशत कृषि क्षेत्रबाट हुने गरेको छ। राज्यको ढुकुटीमा आउने ५० प्रतिशत राजस्व भन्सारबाट संकलन हुने गर्थ्यो तर यी सबै क्षेत्र बन्द हुँदा दैनिक गतिविधि, उत्पादन गतिविधि र आर्थिक गतिविधि शून्य हुँदा देशको आर्थिक क्षेत्रमा कोरोनाभन्दा ठूलो महामारी नआउला भन्न सकिँदैन। आकस्मिक रूपमा रोकिएको आम्दानी र मासिएको बचतले लामो समयसम्म असर गर्छ। सामान्य अवस्थामा संकलित राजस्वको ९० प्रतिशत रकम सरकारी संयन्त्र चलाउँदा खर्च हुन्छ। फलस्वरूप सरकारले जसलाई सहयोग गर्नुपर्ने हो उसलाई चाहेर पनि सहयोग गर्न नसक्ने अवस्था उत्पन्न हुन सक्छ। हालै आन्तरिक स्रोतले धान्न नसकेपछि सरकारले घोषणा गरेको राहत प्याकेजका लागि खर्च जुटाउन एसियाली विकास बैंकसँग सरकारले ऋण सहायता मागेको छ। भविष्यमा आउन सक्ने वित्तीय स्रोतको ठूलो माग पूरा गर्न विवेकसम्मत ढंगले खर्च गर्नुपर्छ। दैनिक ज्यालादारीमा काम गर्ने कामदारलाई सरकारले हेर्नुपर्छ। व्यवसायको उत्थानका लागि सस्तो ऋण उपलब्ध गराउन ब्याजमा दिन र ऋणको पुनः तालिकीकरण गर्न सकिन्छ तर ऋण मिनाहा गर्नु हुँदैन। ऋण पाउनेहरू तुलनात्मक रूपमा सचेत, न्यूनतम स्रोत भएका, उद्यमशील र सक्रिय समूह हो जसले क्षणिक झड्का केही समय सहन सक्छ। सम्पूर्ण रूपमा अर्काको स्रोतमा निर्भर समूहलाई उद्यमी भन्न मिल्दैन। अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैंकले पनि सन् २०२०/२१ मा विश्वव्यापी जिडिपीमा भारी संकुचन आउने र नकारात्मक अंकमा पुग्ने

अनुमान गरेका छन । विश्व परिवेशलाई असर गरिरहँदा नेपालको अर्थतन्त्रलाई पछाडि धकेल्नेछ । कोरोना कहर सकिनासाथ किसानलाई आगामी मौसममा खेती गर्ने बीउबिजन र मल किन्ने पैसा चाहिन्छ । साना व्यापारीलाई रित्तिएको पसल कसरी भर्ने चिन्ता हुन्छ । ऋण लिएकालाई कसरी तिर्ने पीर हुन्छ ।

सरकारले भावनामा आएर निर्णय लिनुभन्दा जनउत्तरदायी र दूरगामी दृष्टिसहितको राहत प्याकेजको व्यवस्था गर्नुपर्छ । घरबेटीलाई भनेर भाडा छुट, विद्यालयमा मासिक शुल्क छुट, खाद्यान्नमा १० प्रतिशत छुट, बिजुली र इन्टरनेटमा छुटजस्ता राहत प्याकेज घोषणा गरे पनि कार्यान्वयनमा आउनसक्ने देखिँदैन । लकडाउनमा वितरण गरिएको राहत पारदर्शी रूपमा गर्न नसकेमा सरकारप्रतिको विश्वासमा प्रश्न खडा हुन जान्छ ।

सरकारले आगामी वर्षमा प्राथमिकताका आधारमा र तत्काल धेरै काम गर्नुपर्नेछ । तत्काल स्वास्थ्यका लागि कदम चाल्नुपर्ने हुन्छ । यो सरकारले यसअघिदेखि नै परिमाणात्मक रूपमा धेरैथोरै काम गरिरहेको छ । तत्काल सामाजिक सहयोग र रोजगार हो । ठूलो संख्यामा बिदेशिएका नेपाली स्वदेश फर्कंदै छन्, जसका लागि रोजगारीको आवश्यकता पर्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम र अन्य कार्यक्रममा ध्यान दिनु जरुरी छ । आपूर्ति शृंखला सही ढंगले कायम राख्नुपर्छ । खर्च अवस्था बढ्नेवाला छ, त्यसैले खर्चको प्राथमिकीकरण निर्धारण हुनुपर्छ । वस्तुको उत्पादन सुचारु हुने वातावरण मिलाउनुपर्नेछ । व्यापक रूपमा सहकारी र सामूहिक खेती प्रणालीको विकासका लागि स्थानीय सरकारसँग समन्वय र सहकार्य गर्दै कृषि पेसालाई मर्यादित, कृषिको व्यवसायीकरण र आधुनिकीकरण गर्नुपर्नेछ । उत्पादनशील क्षेत्रमा जोड दिन व्यक्तिगत प्रकृतिका अनुत्पादक क्षेत्रमा थप कडाइ गरी अर्थतन्त्रमा उत्पादन र रोजगारी बढाउने क्षेत्र (साना र मझौला उद्योग) मा लगानी गरी मौद्रिक नीतिमा आवश्यक संशोधन गरिनुपर्छ । त्यसैले कोरोना भाइरस संक्रमण नियन्त्रण तथा उपचारकोषमा जम्मा भएको रकम, सो रकमसहित सरकारले विभिन्न शीर्षकमा बनाएका कोष र प्रधानमन्त्री स्वरोजगार कोषमा रहेको रकमलाई उत्पादनमुखी शीर्षकमा परिचालन तथा सो कोषको रकमलाई कोरोना रोकथाम तथा नियन्त्रण कोषमा रकमान्तर गरी थप व्ययभारबाट मुलुकलाई जोगाउन र अर्थतन्त्रलाई गतिशील बनाउन प्रयोग गर्नुपर्छ ।

## *सहकारी बैंकका तर्फबाट....*

बैंकका देशभर रहेका ४४ वटा शाखा मार्फत रकम जम्मा गर्न अपिल गर्दै बैंकले उक्त रकम नेपाल सरकारले घोषणा गरेको कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोषमा उपलब्ध गराउने जनाएको छ । बैंकका तर्फबाट अध्यक्ष के.बी. उप्रेतीले सोमबार एक अपिल प्रकाशन गरी कोरोना संक्रमणविरुद्ध सहकारी बैंकको प्रयास, संकटको समयमा सहकारी बैंकको सेवा र बैंकका तर्फबाट देशभरका सहकारी संघ संस्था तथा आम जनसमुदायमा सचेतनाका लागि अनुरोध गर्नुभएको छ । कोरोना संक्रमणविरुद्ध बैंकले प्रदेश स्तरमा सहकारी संघसंस्थामार्फत क्वारेन्टाइन बनाउने कार्यक्रममा सहकार्य गर्ने, सहकारी बैंकका सदस्यहरूलाई कोरोना प्रभावका कारण तरलता अभाव भएमा तरलता व्यवस्थापनका लागि अल्पकालीन ऋण (कोरोना तरलता) को व्यवस्था गर्ने, सदस्य सहकारीहरूलाई आवश्यक पर्ने नगदको आवश्यक व्यवस्था गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी दिनुभयो । बैंकले प्रदान गर्दै आएका सेवामध्ये सन्ध्याकालीन काउन्टर अर्को सूचना नभएसम्मका लागि बन्द गरिएको, कार्यालयमा काम गर्ने कर्मचारीको सुरक्षाको व्यवस्थाका साथै आलोपालो काम गर्ने व्यवस्था गरिएको गुरागाईंले बताउनुभयो । कार्यालयभन्दा बाहिर गएर गरिने मार्केटिङ, संस्था निरीक्षण, तालिमलगायत काम स्थगन गरिएको छ । बैंकले सहकारी र आम समुदायका लागि अनावश्यक नगद वा जिन्सी सञ्चिती नगर्न, विद्युतीय माध्यम वा आइपीएसबाट हुने कारोबारलाई प्राथमिकता दिन, सरसफाइमा उचित ध्यान दिन, अति आवश्यकबाहेक घर बाहिर ननिस्कन, भीडभाडदेखि टाढा रहन, नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, विश्व स्वास्थ्य संगठनलगायत आधिकारिक संस्थाबाट जारी गरिएको सूचनामा भर पर्न तथा हल्ला अनधिकृत समाचार र अफवाहरूबाट भ्रमित र प्रभावित नहुन, चिकित्सक, विज्ञ तथा प्राविधिकहरूको सल्लाह पालना गर्न, धैर्य हुन, संयमता अपनाउन, सावधान रहन र आतंकित नहुन आव्हान गरेको छ ।

## सदस्य परिचय

# सौगात लघुउद्यम सहकारी संस्था लिमिटेड

**१. संस्थाको नामः- सौगात लघुउद्यम सहकारी संस्था लिमिटेड**

**२. संस्थाको ठेगानाः- कमलामाई नगरपालिका-६, सिन्धुली**

**३. संस्थाको पृष्ठभूमिः-**



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूका आधारमा सदस्यहरूमा छरिएर रहेको श्रोत र साधनलाई एकीकृत गरी सहकारी पद्धतिमा आधारित उद्योग व्यवसायको स्थापना गरी आर्थिक रुपले पछिपरेका व्यक्तिहरूलाई सहकारीको माध्यमबाट उद्यमी बनाउने उद्देश्यले यस सौगात लघुउद्यम सहकारी संस्था लि.को स्थापना गरिएको हो । सहकारी क्षेत्रलाई राष्ट्रिय विकासका तीन आधारस्तम्भमध्ये एकको रुपमा राज्यद्वारा स्वीकार गरिएको छ । सहकारीका मूल्य, मान्यता र सिद्धान्तका आधारमा सदस्यहरूलाई समाजमा रहेको स्रोत-साधनको उच्चतम प्रयोग गरी उनीहरूलाई उद्यमशीलतामार्फत आर्थिक सामाजिक तथा सांस्कृतिक विकासको महत्वपूर्ण माध्यम बनाउने र गरिबी निवारण, रोजगारी सिर्जना, सकारात्मक श्रम सम्बन्ध, समावेशी समाजको निर्माण, उद्यमशीलताको विकास र स्वस्छ र प्रतिस्पर्धी व्यावसायिक वातावरणको सृजनाका लागि महिला सदस्यहरू एकताबद्ध भई सञ्चालित सहकारीको रूपमा ०६४/१०/२३ मा सहकारी विभाग, डिभिजन सहकारी कार्यालय धनुषामा सहकारी ऐन, २०४८ को दफा ५ बमोजिम कमलामाई नगरपालिका-१ देखि ९ सम्म कार्यक्षेत्र बनाई (दर्ता नं. ७६८/२०६४/०६५) दर्ता भएको यस संस्थाको स्थापनाको ध्येय छरिएर रहेको पुँजी र सीपको उचित प्रयोग गर्नु हो । यस सौगात लघुउद्यम सहकारी संस्था लि. यस संस्थाको कार्यालय कमलामाई नगरपालिका-६ सिन्धुलीमा छ ।

**४. संस्था स्थापनाको उद्देश्य :-**

- कार्यक्षेत्रभित्र रहेका विभिन्न पेशामा आबद्ध भई व्यवसायिक खेती तथा उद्यम गर्ने इच्छुक गरिबीका रेखामुनि रहेका महिला, दलित, आदिवासी जनजाती, बेरोजगार युवाहरु र पछि पारिएका वर्गको जीवनस्तर उकास्न यस संस्थामा आबद्ध तथा संगठीत गराउने ।
- सदस्यहरुमा स्वाबलम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययिताको भावना सृजना गर्ने र सदस्यहरुभित्र नियमित बचत गर्ने बानीको अभिवृद्धि गर्ने र सो बचतलाई परिचालन गर्ने ।
- लघु तथा साना उद्यमीको उत्पादन खरिद गरी बिक्री वितरण गर्ने तथा उनीहरुका लागि आवश्यक कच्चापदार्थ तथा अन्य उपभोग्य सामग्री सुपथ मूल्यमा उपलव्ध गराउने ।
- लघुउद्यमीको उत्पादन-बिक्रि प्रवर्द्धनका लागि उद्यमशीलता विकास व्यवसाय व्यवस्थापन लगायत बजारीकरण सञ्जाल विस्तारसम्बन्धी तालिमहरु, बजारिकरण,उत्पादन लब्चिङ एवं प्रदर्शनी मेला तथा भेला आयोजना गर्ने ।

**५. संस्थाको कार्यहरु :-**

**(क) बचत संकलन तथा ऋण परिचालन**

संस्थामा गरिबीका रेखामुनि रहेका विपन्न महिला आबद्ध सदस्यहरुको नियमित बैठक बसाल्ने, एक आपसका सदस्यहरुमाझ परेका समस्याहरुमाथि छलफल गर्ने, समाधानको उपाय पत्ता लगाइ आवश्यक कार्यान्वयन गर्ने । शेयर सदस्यहरु माझ दैनिक, साप्ताहिक, मासिक बचत संकलन गर्ने । सदस्यहरुबाट माग भएबमोजिम उत्पादनशील क्षेत्रमा उचित ब्याज लिई लामो तथा छोटो अवधिका लागि धितो तथा बिनाधितो कर्जा प्रवाह गर्ने । नियमित बाहेक सदस्यहरुले राख्न चाहने स्वेच्छिक बचत निक्षेप जम्मा गरिदिने ।

**(ख) सामूहिक व्यवसायको संचालन**

सहकारी संस्थाको लगानीमा आवश्यक सामूहिक व्यवसाय सञ्चालन गर्ने र साझा सुविधा केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने ।

**(ग) अन्य कार्यहरु**

सहकारीताबारे सदस्यहरुलाई चेतना जगाउने । सहकारी शिक्षा कार्यक्रम संचालनका लागि व्यवस्था मिलाउने । सहकारी मार्फत जनसंख्या तथा परिवार कल्याण, शिक्षा खानेपानी तथा सरसफाई जस्ता चेतनामूलक कार्यक्रमहरु संचालनका लागि व्यवस्था मिलाउने । संस्थाको कार्य क्षेत्रभित्र सामाजिक हित हुने कार्य गर्ने ।

**६. तालिम**

सहकारी आफैले आफ्ना सदस्यहरुलाई सहकारी शिक्षासम्बन्धी विभिन्न तालिम दिने गरेको छ । यसका साथै आफ्नै आयोजनामा शीप विकास, शीप प्रबर्द्धन र बजारिकणसम्बन्धी तालिम आयोजना गर्दै आएको छ । आफ्ना सदस्यहरुलाई तालिम दिएर उनीहरुलाई आफ्नै व्यवसाय तर्फ लाग्नको लागि अभिप्रेरित गर्ने गरेको छ । तालिममा सिकेका कुराहरुलाई आफ्नै उद्योगमा काम गर्ने अवसर समेत प्रदान गरेको छ । आफुले आयोजना गर्ने तालिमको अलावा अन्य सरकारी तथा गै.स.स. ले आयोजना गरेको शीप विकास तथा उत्पादनमुखि तालिममा आफ्ना सदस्यहरुलाई सहभागी गराउने गरिएको छ ।

**७. सदस्य संख्या**

| | |
|---|---|
| **महिला** | **२०९ जना** |
| **पुरुष** | **७८ जना** |
| **जम्मा** | **२८७ जना** |

**८. सदस्यहरुलाई उपलब्ध गराइने थप सुविधाहरु**

एकल महिला, अपाङ्ग उद्यमीको हकमा प्राविधिक सहायताको साथसाथै सस्तो ब्याजदरमा व्यवसाय संचालनको लागि कर्जा लगानीको व्यवस्था गरिएको छ । नेपाल सरकार र विभिन्न दातृ निकायबाट प्राप्त हुने उद्योग संचालनको लागि आवश्यक मेशिनरी सामग्रीहरु सदस्यहरुलाई उपलब्ध गराउन यस संस्थाबाट प्रत्यक्ष रुपमा सहयोग गर्ने गरिएको । सदस्यहरुले घरमै उत्पादित वस्तु लाइ यस संस्थाले संचालन गरेको पसलमा ल्याएर विक्रि वितरण गरि उनिहरुलाई आर्थिक क्रियाकलापमा समावेश गराउने गरेको ।

**९. पुरस्कार तथा सम्मान**

यस संस्थाले हरेक वर्ष वार्षिक साधारण सभाको समयमा विभिन्न विधामा उत्कृष्ट काम गर्ने सदस्यहरुलाई प्रोत्साहन स्वरुप सम्मानित गर्ने कार्यक्रम रहेको छ । छनैट गरिने विधाहरुमा १) उधमशिलता २) नियमित बचत ३) बाल बचत ४) ज्येष्ठ सदस्य ५) असल ऋणी गरी फरक फरक विधा छुट्याई पुरस्कृत गर्ने गरेको छ । संस्थाले पनि उत्कृष्ठ कार्य सम्पादन गरी समुदायमा रहेका मानिसहरुको जिवनस्तर माथि उकास्नको लागि गरेका विभिन्न योगदानको मूल्याङ्कन गरी विभिन्न संघ संस्थाबाट सम्मानित हुने गरेको छ ।

जस्तैः घरेलु तथा साना उद्योग विकास समितिले ५औं उद्योग दिवसका दिन प्रदान गरिने पुरस्कारहरुमा सिन्धुली जिल्लाको सर्वोत्कृष्ट घरेलु उद्योगको रुपमा पुरस्कृत भएको छ । त्यस्तै बुटवलमा आयोजना भएको खाद्यमेला २०७५ मा उत्कृष्ट घरेलु उद्योगको क्षेत्रमा दोस्रो स्थान प्राप्त गर्न सफल भएको छ । २०७५ सालमा प्रदेश २ को धनुषा जिल्लामा भएको खाद्यमेलामा पनि उत्कृष्ट घरेलु उद्योगको क्षेत्रमा द्धितीय स्थान प्राप्त गर्न सफल भएको छ ।

**१०. संस्थालाई सहयोग र सहयोगी निकायहरु**

- राष्ट्रिय सहकारी बैंक लिमिटेडबाट लघुउद्यम संचालन र विस्तारको लागि सहुलियतपूर्ण लघु कर्जा, तालिम र गोष्ठि ।
- कमलामाई नगरपालिका सिन्धुलीबाट ट्रष्ट सहितको भवन र दूध प्रसोधन मेसिन, फुरनदाना, ललिपप प्रसोधन मेसिन ।
- घरेलु तथा साना उद्योग विकास समिती सिन्धुलीबाट ब्याज अनुदान कर्जाको साथ प्राविधिक सहयोग ।
- कृषि ज्ञान केन्द्र सिन्धुलीबाट लेवलिङ्ग र प्याकेजिङ्ग अनुदान ।
- प्लान नेपालबाट फर्निचर सहयोग ।
- लघुउद्यमको क्षेत्रमा काम गर्ने गै.स.स. श्री सिन्धुलीबाट दूधजन्य परिकार बनाउन आवश्यक सामग्रीहरु ।
- यस संस्थामा जापानी संस्था Japan International Cooperation Agency(JICA) ले स्वंसेवकहरु मार्फत संस्थालाई उद्योगबाट उत्पादित वस्तुको नेपाल तथा जापानमा समेत बजारीकरणमा सहयोग गर्ने गरेको छ ।
- Online Marketing को लागि Green Growth संस्थासँग सहकार्य गरी यसको बजारीकरण राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याएको छ ।

**११. सहकारी संस्थाले संचालन गरेका विभिन्न परियोजनाहरु**

**संस्था आफैले संचालन गरेका उद्योग**

- सौगात गृह तथा सातु उद्योग
- सौगात गृह तथा अर्गानिक पसल



**१२. सदस्यहरुद्वारा संचालन गरिएको परियोजनाहरु**

- मंगला पोल्ट्री फर्म - क.न.पा. ५ सिन्धुली
- तारा पोल्ट्री फर्म - क.न.पा. ५ सिन्धुली
- ॐ नम सिवाय अचार उद्योग - क.न.पा. ४ सिन्धुली
- ओम माया तरकारी फर्म - क.न.पा. ४ सिन्धुली
- हरिमाया टेलरिङ्ग सेन्टर - क.न.पा. ६ सिन्धुली

**१३. चुनौति तथा समस्याहरु**

संस्थामा तरलताको कमि हुनु, उद्योगबाट उत्पादित सामग्रीहरु बाह्य बजारसँग प्रतिस्पर्धा गर्नुपर्ने, सामूहिक व्यवसायिक उद्यमी दिर्घकालसम्म टिकाउनमा समस्या, उत्पादित वस्तुहरुको बजारीकरणमा समस्या, कच्चा पदार्थको सहज उपलब्धता नहुनु, उद्योगमा आवश्यक कच्चापदार्थ भण्डारण र तयारी वस्तुको भण्डारणमा समस्या ।


**१४. सम्भावनाहरु**

संस्थाको कार्यक्षेत्रभित्र रहेका विभिन्न उद्यमिहरुको पहिचान गरि उनिहरुलाई यस संस्थासँग आवद्ध गराउन सकेमा उद्यमीको उद्यमशीलतालाई टेवा दिन सकिने । उद्यमीहरुको उत्पादनलाई उचित बजारको व्यवस्था मिलाउन सके लघु उद्यम क्षेत्रको विस्तार हुने । स्वाबलम्बी पेशाको रुपमा लघुउद्यमको माध्यमबाट पछाडि परेका व्यक्ति तथा समुदायको आर्थिक विकासमा टेवा पुग्ने । स्थानियस्तरमा रोजगारीको सृजना हुने । स्थानिय स्रोत व्यवसायमा आधारित व्यवसाय संचालन गर्ने ।

**१५. भावि कार्यक्रमहरु**यस संस्थाको मुख्य उद्देश्य भनेको यस संस्थाको उत्पादन र उत्पादित वस्तु तथा सेवा को माध्यमबाट संस्थालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उत्कृष्ट संस्थाको रुपमा चिनाउने रहेको छ । संस्थाको भावि कार्यक्रमहरु शेयर सदस्य संख्यामा ५०० जना विस्तार गरि यस संस्था र लघुउद्यमको क्षेत्रमा सदस्यहरुको संलग्नता वृद्धि गर्ने । गरिविको रेखामुनि रहेका मानिसहरुलाई स्वउद्यमीको माध्यमबाट रोजगारी सृजना र आत्मनिर्भर व्यवसायी बनाउन आवश्यक कार्यहरु गर्ने । यस संस्थासँग आवद्धता भएका सदस्यहरुको उत्पादनलाई एउटा Branding को रुपमा विकास गरी बजारीकरण गर्ने । उद्योगबाट उत्पादित वस्तुको मागलाई पूर्ति गर्नको लागि उत्पादन बढाउनको लागि विभिन्न मेसिनरी सामग्री खरिद तथा सहयोगको लागि आवश्यक पहल गर्ने । उत्पादित सामग्रीहरुको उचित भण्डारण गर्न आवश्यक सामग्री तथा भवनको लागि सम्बन्धित निकायसँग आवश्यक पहल गर्ने ।

# सहकारी बैंक र नेफ्स्कून विच सहकार्य.....

नेपालको सहकारीको दिगोपनको लागि रणनीतिक ढंगले अभियानलाई व्यवस्थित र व्यवसायिक बनाउन दुबै पक्षका सञ्चालक समितिका पदाधिकारी सहितको कार्यदल गठन समेत भएको छ । सहकारी बैंक र नेफ्स्कून दुबै संस्थाका प्रमुख कार्यकारी अधिकृत पदेन सदस्य रहने कार्यदल नेफ्स्कून बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालको संयोजकत्वमा सहकारी बैंकका संचालकहरु सरिता भट्टराई, ज्ञान बहादुर तामाङ्ग र रामहरी बजगाईं सहित नेफ्स्कूनका संचालकद्वय दामोदर अधिकारी र दीपक पनेरू सदस्य रहनु भएको छ । छलफलमा दुबै संस्थाले आफ्ना सदस्य संस्थाहरुलाई प्रदान गर्ने ब्याजदरमा एकरूपता कायम गर्ने सहित कोभिड-१९ को संक्रमणको अवस्थामा सहकारी क्षेत्रलाई आवश्यक पर्ने वित्तीय उपलब्धतालाई सहज बनाउन बिपद व्यवस्थापन केन्द्रीय तरलता कोषको शुरुवात गर्ने समेत निर्णय भएको छ, साथै सहकारीका लागि नीतिगत बहस पैरवी तथा प्रविधिको विकासमा अगाडी बढ्ने मार्गदर्शनका बारेमा विस्तृत प्रतिवेदन समेत गठित कार्यदलले बुझाउने छ ।



**वित्तीय सहकारी स्थायीत्व एवम् दीगो सञ्चालनका लागि राष्ट्रिय सहकारी बैंक लि. र नेफ्स्कूनको सहकार्य सम्बन्धी संयुक्त विज्ञप्ती**

मिति २०७७ बैशाख १७ गते बुधबार । राष्ट्रिय सहकारी बैंक लि. र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि (नेफ्स्कून) बीच विश्वव्यापी कोभिड १९ संक्रमणका कारण नेपालका सहकारीहरुमा तत्काल पर्न जाने वित्तीय संकट र त्यसलाई सम्बोधन गरी समयमै वित्तीय व्यवस्थापन गर्नका लागि एक सहमति भएकोछ । रणनीतिक ढंगले नेपालको सहकारी अभियानलाई व्यवस्थित र व्यावसायिक बनाउनका लागि आवश्यक सहकार्यगरी अघि बढ्न साझेदारीका क्षेत्रहरु तय गरी संयुक्त रुपमा सहकारी प्रवर्धन, विकास, व्यावसायिकीकरण र प्राविधिकीकरण गर्न दुबै संस्थाहरुबाट प्रमुख कार्यकारी अधिकृतहरु पदेन सदस्य रहने गरी तपशिल बमोजिम ८ सदस्यीय कार्यदल समेत गठन गरिएको छ । कार्यदलले राष्ट्रिय सहकारी बैंक लि. र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघले सदस्यहरुमा उपलब्ध गराउने सेवा, नीतिगत बहस पैरवी तथा प्रविधि विकासमा अघि बढ्ने मार्गदर्शनका बारेमा विस्तृत गृहकार्य गरी प्रतिवेदन बुझाउने निर्णय भएको छ ।

संयुक्त कार्यदल:

१) संयोजक चन्द्र प्रसाद्र ढकाल, बरिष्ट उपाध्यक्ष नेफ्स्कून
२) सदस्य सरिता भट्टराई, राष्ट्रिय सहकारी बैंक लि.
३) सदस्य दामोदर अधिकारी, महासचिव, नेफ्स्कून
४) सदस्य ज्ञान बहादुर तामाङ्ग, राष्ट्रिय सहकारी बैंक लि.
५) सदस्य दीपक पनेरु, कोषाध्यक्ष, नेफ्स्कून
६) सदस्य रामहरि बजगाई, राष्ट्रिय सहकारी बैंक लि.

छलफलका क्रममा दुबै संस्थाहरुले आफ्ना वित्तीय कारोबारको व्याजदरमा एकरुपता कायम गर्ने र कोभिड १९ संक्रमणको अवस्थामा सहकारी क्षेत्रलाई आवश्यक पर्ने वित्तीय उपलब्धतालाई सहज बनाउनको लागि विपद व्यवस्थापन केन्द्रिय तरलता कोष शुरुवात गर्ने समेत निर्णय गरेको छ ।

परितोष पौड्याल
अध्यक्ष, नेफ्स्कून

के बी उप्रेती
अध्यक्ष, राष्ट्रिय सहकारी बैंक लि




# बन्दाबन्दीमा अनलाइन तालिम

ललितपुर । ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा आफ्ना सदस्य सहकारी संघ/संस्थाहरूका व्यवस्थापक तथा प्रतिनिधिहरूलाई निशुल्क Online Basic Excel तालिम सम्पन्न भएको थियो । लकडाउनका बेला बैंकले आफ्ना सदस्य सहकारी संघसंस्थाका व्यवस्थापक तथा प्रतिनिधिहरूको दक्षता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गरेको सो Online Basic Excel तालिम वैशाख २२ गते देखि २४ गतेसम्म सञ्चालन भएको थियो । बैंकका सूचना, प्रविधि सञ्चार तथा प्रकाशन विभाग प्रमुख नवीनकुमार कार्कीले Moderation गर्नु उक्त तालिमको प्रशिक्षण सी.ए. सुरेश सिंघीले गर्नुभएको थियो । बैंकले सदस्य सहकारी संघ/संस्थाका लागि Online प्रदान गरेको सीपमूलक यो पहिलो तालिम भएको छ ।

# लमजुङमा वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण तालिम




लमजुङ । राष्ट्रिय सहकारी बैंक लि. को प्राविधिक सहयोग र जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड लमजुङको आयोजनामा लमजुङको, बेंसीशहरमा त्रिदिवसीय वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण तालिम संघका अध्यक्ष दुर्गाभक्त धमलाको अध्यक्षता एवं जिल्ला सहकारी संघ लमजुङका अध्यक्ष विजय गुरुङको प्रमुख आतिथ्यतामा चैत ८ गते सम्पन्न भएको थियो । लमजुङ जिल्लाका विभिन्न सहकारी संस्थाका अध्यक्ष, कोषाध्यक्ष, व्यवस्थापक गरी २४ जना सहकारीकर्मीको सहभागिता रहेको छ । उद्घाटन समारोह संघका कोषाध्यक्ष चन्द्र दवाडीको सञ्चालनमा भएको थियो भने तालिम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासे र तनहुँ शाखा प्रमुख उपेन्द्र दाहालको सहजीकरणमा सम्पन्न भएको थियो ।

# बाँकेमा नीति तथा कार्यविधि निर्माण कार्यशाला



बाँके । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोग, हेफर इन्टरनेसलनको वित्तीय सहयोगमा अप्सरा सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेड बिनौना, राप्तीसोनारी, बाँकेको त्रिदिवसीय नीति तथा कार्यविधि निर्माण कार्यशाला तालिम चैत ४ गते सम्पन्न भएको छ । संस्थाका अध्यक्ष रामकृष्णी थारुको अध्यक्षता, बि ग्रुपका सहकारी सहजकर्ता देवबहादुर खाँडको आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा संस्थाका सञ्चालक समिति, लेखा समिति, उपसमिति सदस्यहरू, कर्मचारी, सहकारी क्षमता अभिवृद्धि सहजकर्ता गरी ३० जनाको सहभागिता थियो । कार्यक्रमको समापन समारोहमा सहभागीको तर्फबाट संस्थाका व्यवस्थापक झुपा विष्टले कार्यशाला निकै राम्रो भएको जानकारी दिँदै यो कार्यक्रमबाट उत्कृष्ट नीति विधि निर्माण भएको बताउँदै आगामी दिनमा संस्थालाई अब विवेकभन्दा पनि विधिवाट सञ्चालन गर्नुपर्नेमा जोड दिनुभएको थियो । कार्यक्रमबाट संस्थाको विनियम संशोधन मस्यौदा, सदस्यता प्रदान नीति, बचत नीति, ऋण व्यवस्थापन नीति, मानव संसाधन व्यवस्थापन नीति, आर्थिक प्रशासन नीति, निर्वाचन निर्देशिका र सम्पत्ति शुद्धीकरण निवारण निर्देशिका, सदस्य राहत कोष व्यवस्थापन नीति र बजार व्यवस्थापन नीति निर्माण गरिएको छ । कार्यक्रम राष्ट्रिय सहकारी बैंकका प्रशिक्षक नारायण बेल्वासेको सहजीकरणमा सम्पन्न भएको थियो ।

# सहकारीका सदस्यहरूको सफलता नै सहकारी मूल्याङ्कनको आधार

**किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड** सहकारी ऐन २०४८ अनुसार बहुउद्देश्यीय सहकारीअन्तर्गत स्थापना भएको संस्था हो । यो संस्था २०५२ कात्तिक १७ गते जिल्ला सहकारी कार्यालय, धनगढीमा विधिवत रुपमा दर्ता भई सुरू गरिएको हो । कृषिका लागि उर्वर मानिने पूर्वी कैलालीमा कृषकहरुले मल, खाद, बिउ विजनको अभाव खेपिरहनुपरेको अवस्थालाई सम्बोधन गर्ने सोचअनुरुप स्थानीय समाजसेवी, बुद्धिजीवी, व्यापारी तथा किसानहरुको अगुवाइमा छलफल गरी सहकारी संस्था स्थापना गर्नुपर्छ भन्ने अवधारणा अनुरूप "किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड" नामाकरण गरी संस्था स्थापना भएको हो ।



"भनिन्छ हरेक मान्छेको जीवन बिहानीको सुनौलो किरणसँगै सुरू हुन्छ" यस कुराको ज्वलन्त उदाहरण पथरैया-४ पालबजारमा बस्ने **कौशिला पुरी**लाई लिन सकिन्छ । घरमा कुनै पनि आम्दानी हुने बाटो नभएर आफ्नो जीवत तथा परिवारको जीवन कसरी माथि उकास्ने भन्ने चिन्ता लागिरहने बताउनुभयो । २०६७ साल मंसिर महिनामा किसान बहुउद्देश्यीय सहकारी संस्थाको लघुवित्त कार्यक्रमको सदस्य बनेपछि आफ्नो जीवनमा ठूलो परिवर्तन भएको कुरा कौशिला पुरीले बताउनु भयो । दुई सन्तानकी आमा कौशिलाले किसान बहुउद्देश्यीय सहकारी संस्थाबाट २०६८ साल मंसिरमा किराना पसल व्यवसाय गर्ने भनेर १० हजार रूपैयाँ ऋण लिएर सुरू गरेको व्यवसाय आज सफलताको शिखर चुमिरहेको छ । उहाँले यसरी व्यवसाय बढाउनको लागि अलि बढि ऋण माग गरेर किराना पसल, तरकारी पसल समेत विक्रि वितरण गरेकी छन् । उहाँ भन्नुहुन्छ पहिलाको जीवनमा भन्दा अहिलेको जीवनमा केही फरक भएको छ । व्यवसाय गर्न ट्र्याक्टर पनि किनेको बताउनुहुन्छ । थोरै लगानी लगाएर सानो घरमा सुरू गरेको पसल अहिले अलि ठूलो बनाएको उहाँ बताउनुहुन्छ । उहाँले हाल आएर किसान बहुउद्देश्यीय सहकारी संस्थाबाट व्यवसाय गर्न ३ लाख ५० हजारसम्म किसान सक्षम व्यावसायिक कर्जा लिनुभएको छ । अहिले आएर आफ्नो जीवनस्तर राम्रो भएको तथा छोराछोरीलाई राम्रो शिक्षा-दीक्षा तथा गुणस्तर स्कुलमा पढाउन सक्ने बनेको उहाँले जानकारी दिनुभयो । यो व्यवसायबाट घरपरिवार राम्ररी चलेको उहाँ बताउनुहुन्छ ।

जानकी गाउँपालिका मटेरामा वैवाहिक जीवनमा बाँधिएकी उहाँको जीवनस्तर साह्रै दयनीय थियो तर आजभोलि **रजनी**ले विगत सम्झेर दु:ख मान्नुपर्ने अवस्था छैन् । २०६६ साल भदौ १७ गते किसान बहुउद्देश्यीय सहकारी संस्था लघुवित्त कार्यक्रमको सदस्य बनेपछि उहाँले आफ्नो जीवनमा ठूलो परिवर्तन भएको तथा घर परिवारको राम्रो अवस्था हुनुका साथै आर्थिक विकासमा परिवर्तन भएको कुरा त्यो परिवार र गाउँमा उदाहरण भएको छ । दुई सन्तानकी आमा रजनी २०६८ साल फागुनमा रू ४० हजार तरकारी तथा कृषि खेती गर्ना कर्जा लिएर सुरू गरेको व्यावसायिक तरकारी खेतीले प्रतिदिन सफलताको शिखर चुमी रहेको छ । उहाँले आफ्नो घर वरपरको जग्गामा विभिन्न किसिमका तरकारी रोपेर राम्रो व्यवसाय गर्नुभएको छ । जुन व्यवसायका कारण उहाँले गर्दा प्रतिदिन केही गरौ जस्तो लाग्ने असल बानीले रजनी देवी अझै उत्साहित भई संस्थाबाट फेरि रू. १ लाख ५० हजार रूपैया कर्जा निकालेर होटल व्यवसाय सुरू गर्नुभयो । लगानी वृद्धि हुँदैं गयो, आम्दानी पनि वृद्धि हुँदैं जसले गर्दा उहाँले विभिन्न किसिमका माछा मासु तथा नास्ता बनाउन तथा बेच्न सुरू गर्नुभयो र आफूले मिहिनेत गरेपछि जुनसुकै ठाउँमा पनि सफलता पाइन्छ भन्ने आत्मविश्वाससाथ अगाडि बढ्नुभयो । उहाँले होटल व्यवसाय सञ्चालन गरिराख्नुभएको छ । जसमा उहाँको श्रीमान्को पूर्ण साथ-सहयोग छ । जसले गर्दा व्यवसायबाट पनि राम्रो सफलता मिलिरहेको छ। यसरी आफ्ना सदस्यहरुलाई वित्तीय तथा सामजिक हिसाबले सहयोग गर्ने किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई राष्ट्रिय सहकारी बैंकले साथ र सहयोग गरेको छ । बैंकको धनगढी शाखा कार्यालय अन्तर्गत कारोवार गर्ने उक्त सहकारी धनगढी शाखा कार्यालयमा कारोवार गर्ने उत्कृष्ट संस्थाहरू मध्ये पर्ने संस्था हो । संस्थाको हरेक पक्षहरू सबल रहेकाले आफ्नो शाखा अन्तर्गत कारोबार गर्ने हुँदा आफु खुसी रहेको बैंकका धनगढी शाखा कार्यालय प्रमुख कृष्ण रावलले बताउनुभयो ।

